## सूर्योदय नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको "सूर्योदय नगरपालिकाको आर्थिक विधेयक, २०७६"

**प्रस्तावना :**

सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि सूर्योदय नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो ले चर्चेको (प्लिन्थ एरिया) जग्गाको मूल्यांकित रकममा अनुसूची -१ को दरमा सम्पत्ति कर लगाउनेछ ।

**स्पष्टीकरण:-** यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो जग्गा बराबरको थप जग्गासम्म बुझ्नुपर्छ ।

(२) उपदफा (१) बमोजिमको जग्गाको मूल्यांकन गर्दा अनुसूची -२ मा उल्लेख भएको दर भन्दा कम हुने गरी मूल्यांकन गरिने छैन ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लागेको घरजग्गा बाहेकको जग्गामा अनुसूची -३ बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घरवहाल कर :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी र यस्तै पक्की वा कच्ची संरचना पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -४ बमोजिम घरवहाल कर लगाइने र असूल गरिनेछ ।

५. **घरजग्गा रजिष्ट्रेशन शुल्क:** (१) नगरपालिका क्षेत्रभित्रको घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन पारित गरी स्वामीत्व परिवर्तन भएका वखत प्रदेश सरकारले तोकेको अनुसूची -५ बमोजिमको दररेटमा घरजग्गा रजिष्ट्रेशन शुल्क असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकामा घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउन आवश्यक पर्ने साधन, श्रोत, प्रविधि तथा जनशक्तिको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन शुल्क असुल गरिनेछ ।

(३) उपदफा (२) बमोजिम संकलित रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिनेछ ।

६. **सवारी साधन कर :** (१) नगरपालिका क्षेत्रभित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेका टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरमा अनुसूची -६ बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ ।

(२) प्रदेश कानून बमोजिम प्रदेश सरकारले लगाएको सवारी साधन कर प्रदेश सरकारले तोकेको कार्यालयमा नै बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संकलित रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिनेछ ।

७. **मनोरञ्जन कर :** (१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची -७ बमोजिम प्रदेश सरकारले लगाएको दरमा मनोरञ्जन कर असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठेको महिनाभन्दा पछिल्लो महिनाको २५ गते भित्र नगरपालिकामा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रकम नगरपालिकाको विभाज्य कोषमा जम्मा गरी प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

(४) उपदफा (३) बमोजिम बाँडफाँड भएको रकम मध्ये प्रदेश कानून बमोजिम स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाले सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

८. **विज्ञापन कर** : (१) नगरपालिका क्षेत्रभित्र राखिने होर्डिंग बोर्ड साइन बोर्ड ब्यानर ट्राई भिजन गलो बोर्ड डिजिटल बोर्ड स्टल धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे, वा विद्युतीय तरंग प्रयोग गरिएको विज्ञापन / प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाइने र असुल गरिनेछ ।

(२) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची -८ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको रकम नगरपालिकाको विभाज्य कोषमा जम्मा गरी प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

(४) उपदफा (३) बमोजिम बाँडफाँड भएको रकम मध्ये प्रदेश कानून बमोजिम स्थानीय तहले प्राप्त गर्ने रकम नगरपालिकाले सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

९. **व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची -९ बमोजिम व्यवसाय दर्ता र नवीकरणमा व्यवसाय कर लगाइने र असूल गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाले नेपालको संविधानको अनुसूची -८ बमोजिमका क्षेत्र र विषयमा आफूले पूर्याएको सेवाबापत अनुसूची -१० मा उल्लेखित दरमा सेवाशुल्क तथा दस्तुर लगाई असुल गरिनेछ ।

११. **पर्यटन शुल्क** : (१) आर्थिक वर्ष २०७६/७७ मा सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका उद्यानऽ पार्कऽ संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरेबापत नगरपालिकाले अनुसूची - ११ बमोजिम पर्यटन शुल्क लगाई असुल गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क सम्बन्धी कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम सङ्कलित रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (३) बमोजिम संकलन भएको रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी नगरपालिकाले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१२. **सवारी साधन पार्किङ शुल्क** : नगरपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा अनुसूची -१२ बमोजिम सवारी साधन पार्किङ शुल्क लगाई असुल गरिनेछ ।

१३. **बहाल विटौरी शुल्क** : नगरपालिका क्षेत्रभित्र सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको, ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति लिएका पसलमा अनुसूची -१३ बमोजिम बहाल विटौरी शुल्क लगाई असुल गरिनेछ ।

१४. **अखेटोपहारमा लाग्ने कर** : नगरपालिका क्षेत्रभित्र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेबापत अनुसूची -१४ बमोजिमको कर लगाई असुल गरिनेछ ।

१५. **पूर्वाधार उपयोग सेवा शुल्कः** नगर क्षेत्रभित्रका नगरपालिकाले निर्माण गरेका तथा हस्तान्तरण भई नगरपालिकाको स्वामीत्वमा रहेका पूर्वाधारहरुको उपयोग गरेबापत अनुसूची -१५ बमोजिमको पूर्वाधार उपयोग सेवा शुल्क असुल गरिनेछ ।

१६. **प्राकृतिक श्रोत संकलन तथा विक्री शुल्कः** (१) आर्थिक वर्ष २०७६/७७ मा सूर्योदय नगरपालिका भित्र बमोजिम ढुंगा गिटी वालुवा माटो दहत्तर बहत्तरको संकलन तथा विक्रिमा अनुसूची- १६ शुल्क लगाइने र असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले ढुंगा गिटी वालुवा माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्ययोजना प्रदेश सरकार समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जे सुकै कुरा लेखिएको भएतापनि यस भन्दा पहिले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको अवस्थामा ढुंगा गिटी वालुवा माटो र दहत्तर बहततर संकलन गर्न वाधा पर्ने छैन ।

(४) उपदफा(३) बमोजिम प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्कको संकलित रकम नगरपालिकाको विभाज्य कोषमा जम्मा गरिनेछ ।

(५) उपदफा (४) बमोजिम संकलित प्राकृतिक श्रोत तथा विक्री शुल्क बापतको रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरी नगरपालिकाले प्राप्त गर्ने रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिनेछ ।

१७.**वन पैदावार शुल्क** : (१) आर्थिक वर्ष २०७६/७७ मा सूर्योदय नगरपालिका क्षेत्रभित्र नेपाल सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वनमध्ये उपभोक्ता समूहले कानून बमोजिम कार्ययोजना बनाई निकालिएको साल र खयर बाहेकका काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि विक्री गरेमा त्यसरी विक्री गरी प्राप्त गरेको रकममा दश प्रतिशत रकम वन पैदावार शुल्क बापत स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि काठ विक्री गरी उपभोक्ता समूहले प्राप्त गरेको रकम सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, वातावरण संरक्षण र स्थानीय विकाससँग सम्बन्धित कार्यमा खर्च गर्नुपर्नेछ ।

(३) वन पैदावार शुल्क सम्बन्धी कार्यविधि प्रदेश कानूनले निर्धारित गरेबमोजिम हुनेछ ।

१८.**कृषिजन्य वस्तुको व्यावसायिक कारोबारमा कर:** (१) कृषिजन्य उत्पादनको नगरपालिका क्षेत्रभित्र हुने व्यावसायिक कारोबारमा अनुसूची — १७ बमोजिम कर लगाई असुल गरिनेछ ।

(२) कृषिजन्य वस्तुको कारोबार गर्ने व्यक्ति, समूह वा व्यवसायीसँगको समन्वयमा नगर कार्यपालिकाले यस्तो कर असुली सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१९. **दण्ड जरिवानाः (१)** नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले स्थानीय कानूनको उल्लंघन गरेको पाइएमा दण्ड जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐनको उल्लंघन बापत दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ ।

२०.**दर घटाउन, बढाउन वा छुट दिन सकिने** : (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिका वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामीत्व भएका संगठित संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

(३) ठेक्का प्रक्रियाबाट आन्तरिक आय संकलन गर्दा गराउँदा त्यस्तो ठेक्काको सम्पूर्ण रकम सम्झौताको बखत एकमुष्ट बुझाएमा १० प्रतिशत (दश प्रतिशत) छुट दिइनेछ । किस्ताबन्दीमा छुटको सुविधा दिइने छैन ।

(४) महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा पैंतीस प्रतिशत शुल्क छुट दिईनेछ ।

(५) "ग" श्रेणी सम्मको परिचय पत्र प्राप्त अपाङ्गहरुद्वारा संचालित उद्योग व्यवसायमा नगरपालिकामा लिइने करमा ५० प्रतिशत सम्म कर छुट गरिनेछ ।

(६) नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने "ग" श्रेणी सम्मको परिचय पत्र प्राप्त सबै अपाङ्ग विद्यार्थीहरु र दलित विद्यार्थीहरु लाई विद्यालयमा कुनै प्रकारको शुल्क लाग्ने तथा लगाईने छैन ।

२१. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** (१) प्रचलित करसम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा नगरपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

(२) यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोही विषयसँग मिल्दोजुल्दो अर्को विषयको दररेटलाई आधार मानी दर कायम गरिनेछ ।

## अनुसूची - १

(दफा (२) को उपदफा (१) सँग सम्वन्धित)

**सम्पत्ति करको दर (आ.व. २०७६/७७)**

| क्र.सं. | अनुसूची २ बमोजिमको मूल्यांकित रकम रु. | | दर प्रतिलाख रु. |
|---|---|---|---|
| | भन्दा माथि | सम्म | |
| १ | ० | ५००००० | एकमुष्ट १०० |
| २ | ५००००० | १०००००० | एकमुष्ट १५० |
| ३ | १०००००० | २०००००० | १५ |
| ४ | २०००००० | ३०००००० | २० |
| ५ | ३०००००० | ४०००००० | २५ |
| ६ | ४०००००० | ५०००००० | ३० |
| ७ | ५०००००० | ६०००००० | ३५ |
| ८ | ६०००००० | ७०००००० | ४० |
| ९ | ७०००००० | ८०००००० | ४५ |
| १० | ८०००००० | ९०००००० | ५० |
| ११ | ९०००००० | १०००००००० | ५५ |
| १२ | १०००००००० | २०००००००० | ६० |
| १३ | २०००००००० | ४०००००००० | ६५ |
| १४ | ४०००००००० भन्दा माथि प्रतिलाख | | ७० |

## अनुसूची - २

(दफा (२) को उपदफा (२) सँग सम्वन्धित)

**सम्पत्तिको मुल्याङ्कन (आ.व. २०७६/७७)**

(क) घरको मूल्यांकन:- देहाय बमोजिमको न्यूनतम मूल्यांकन दरका आधारमा मूल्यांकित रकम

| घरको किसिम | दर (प्रति वर्गफिट रु.) | कैफियत |
|---|---|---|
| बाँसको बारबेर गरी माटोको लिउन गरेको/नगरेको र प्लास्टिक/ खर/कर्कटपाताको छानो भएको | ३०० | |
| ईँटा/ढुङ्गा - माटोको जोडाइ - बाँस/काठ/ सिमेन्टले बारबेर गरी प्लास्टिक/खर/कर्कट पाताको छाना लगाएको | ६०० | |
| काठको घर कर्कटपाताको छाना भएको | ८०० | |
| स्टील फ्रेम स्टक्चर, जस्तापाताको छाना तथा वेरा भएको | १००० | |
| कर्कटपाताको छानो भएको ईँटा, ढुङ्गा सिमेन्टको जोडाई भएको | १५०० | |
| आर सि.सि. सिमेन्ट प्लास्टर भएको कर्कट पाता वा ढलान छानो भएको | २००० | |
| कम्पाउण्ड वाल | ३०० | |

(ख) जग्गाको मूल्यांकनः-  नगर कार्यपालिकाबाट निर्धारित मापदण्ड बमोजिम घरले चर्चेको जग्गाको करदाताले घोषणा गरेको मूल्यांकित रकम

*द्रष्टव्य : नगरकार्यपालिकाबाट निर्धारित मापदण्ड बमोजिम व्यापारिक क्षेत्रमा पर्ने कित्ता १ रोपनी भन्दा बढी वा आवाशीय क्षेत्रमा पर्ने कित्ता २ रोपनी भन्दा बढी क्षेत्रफलको भएमा उल्लेखित क्षेत्रफल भन्दा बढी जग्गालाई कृषि क्षेत्रको मानी मूल्यांकन गरिनेछ ।*

(ग) सम्पत्तिको मूल्यांकन = (क) + (ख)

**अनुसूची - ३**

(दफा (३) सँग सम्वन्धित)

**भूमिकर (मालपोत) रकम (आ.व. २०७६/७७)**

नगर कार्यपालिकाबाट निर्धारित मापदण्ड बमोजिमको प्रति रोपनी मूल्यांकन दरको आधारमा सम्पत्ति कर लाग्ने जग्गा बाहेकको जग्गाको मूल्यांकन हुने रकमको

| क्र.सं. | मूल्यांकित रकम रु. | | दर प्रतिलाख रु. |
|---|---|---|---|
| | भन्दा माथि | सम्म | |
| १ | ० | ५०००० | एकमुष्ट १०० |
| २ | ५०००० | १००००० | एकमुष्ट १५० |
| ३ | १००००० | २००००० | १५ |
| ४ | २००००० | ३००००० | २० |
| ५ | ३००००० | ४००००० | २५ |
| ६ | ४००००० | ५००००० | ३० |
| ७ | ५००००० | ६००००० | ३५ |
| ८ | ६००००० | ७००००० | ४० |
| ९ | ७००००० | ८००००० | ४५ |
| १० | ८००००० | ९००००० | ५० |
| ११ | ९००००० | १०००००० | ५५ |
| १२ | १०००००० | २०००००० | ६० |
| १३ | २०००००० | ४०००००० | ६५ |
| १४ | ४०००००० भन्दा माथि प्रतिलाख | | ७० |

उल्लेखित दर बमोजिम हुन आउने मालपोत (भूमिकर) रकम जतिसुकै भए तापनि कृषि क्षेत्रमा एक करदाता (संस्था, फर्म, उद्योग बाहेक) सँग रु. १७,००० भन्दा बढी मालपोत (भूमिकर) असुल गरिने छैन ।

**अनुसूची - ४**

(दफा (४) सँग सम्वन्धित)

**घरवहाल करको दर (आ.व. २०७६/७७)**

(क) आवाशीय प्रयोजनका लागि घरवहाल लगाएकोमा वहाल रकमको ७ प्रतिशतले हुन आउने रकम

(ख) अन्य प्रयोजनका लागि घरवहाल लगाएकोमा वहाल रकमको १० प्रतिशतले हुन आउने रकम

(ग) वार्षिक रु. ५०,००० भन्दा कम घरवहाल कर असुल गर्ने करदातालाई शुन्य दरमा बहाल कर लगाइने छ । यस्ता करदाताले घरबहालको सम्झौता सहितको विवरण नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**अनुसूची - ५**

(दफा (५) सँग सम्वन्धित)

**प्रदेश सरकारले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्कको दर (आ.व. २०७६/७७)**

प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को अनुसूची-१ मा उल्लेख भए अनुसार

**अनुसूची - ६**

(दफा (६) सँग सम्बन्धित)

**सवारी साधन कर (आ.व. २०७६/७७)**

(क) टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरमा

सवारी साधन दर्ता — प्रति सवारी साधन वार्षिक रु. २०००

सवारी साधन दर्ता नवीकरण — प्रति सवारी साधन वार्षिक रु. १०००

(ख) विदेशी सवारी साधनहरु नेपाल प्रवेश गर्दा प्रवेश विन्दुमा लिइने सवारी प्रवेश शुल्कको दर (प्रति सवारी साधन प्रति पटक)

| क्र.सं. | सवारी साधनको विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | हेभी इक्विपमेन्ट (डोजर, लोडर, एक्साभेटर) | १६० | |
| २ | निजी तथा भाडाका ट्रक ट्याक्टर | ८० | |
| ३ | निजी तथा भाडाका बस, पिकअप, मिनिबस, ट्याक्सी, भ्यान आदि | ४८ | |
| ४ | निजी तथा भाडाका कार, टेम्पो | ३२ | |

(ग) विदेशी सवारी साधनहरु नेपाल प्रवेश गर्दा प्रवेश शुल्क संकलन गर्ने कर संकलन केन्द्रहरु र ठेक्का वन्दोवस्त गर्ने प्रयोजनका लागि वार्षिक निर्धारित न्यूनतम वार्षिक ठेक्का अंक र संकलन केन्द्रहरु :

| क्र.सं. | विवरण | न्यूनतम वार्षिक कबोल रकम | कैफियत |
|---|---|---|---|
| १ | पशुपतिनगर | रु. २०००००/- | |
| २ | मानेभञ्याङ | | |
| ३ | छब्बिसे | | |

**अनुसूची - ७**

(दफा (७) सँग सम्वन्धित)

**प्रदेश सरकारबाट लगाइएको मनोरञ्जन करको दर (आ.व. २०७६/७७)**

प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को अनुसूची-३ मा उल्लेख भए अनुसार

**अनुसूची - ८**

(दफा (८) सँग सम्वन्धित)

**विज्ञापन करको दर (आ.व. २०७६/७७)**

**बार्षिक रु**

| **क्र.सं.** | **विवरण** | **इकाई** | **दर रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ६x६ फुट सम्मको होर्डिङबोड सार्वजनिक स्थल | | | |
| | क. बजार क्षेत्र (फिक्कल, तिनघरे, हर्कटे, कन्याम, पशुपतिनगर, श्रीअन्तु) | वार्षिक प्रति वोर्ड | १००० | |

| क्र.सं. | विवरण | इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| | ख. अन्य क्षेत्र | वार्षिक प्रति वोर्ड | ८०० | |
| २ | ६x६ फुट भन्दा ठुलो होर्डिङबोड सार्वजनिक स्थल | | | |
| | क. बजार क्षेत्र (फिक्कल, तिनघरे, हर्कटे, कन्याम, पशुपतिनगर, श्रीअन्तु) | वार्षिक प्रति वर्ग फिट | ५० | |
| | ख. अन्य क्षेत्र | वार्षिक प्रति वर्ग फिट | ४० | |
| ३ | पसलमा गेट बनाइ राखिने विज्ञापन | पटक | ३०० | |
| ४ | सोलार बत्तिको पोलमा २"x३" फिट (न पा ले निर्धारण गरेको साइज) को वोर्डमा राख्ने विज्ञापन | वार्षिक प्रति पोल | १००० | |
| ५ | डिजिटल डिस्प्ले वोर्ड | वार्षिक प्रति वर्ग फिट | | |
| ६ | विज्ञापन प्रयोजनका लागि बनाइने स्वागत गेट | प्रति गोटा प्रत्येक पटक | ५०० | |
| ६ | पोष्टर पोष्टर | प्रति गोटा प्रति वर्ग फिट | ५ | |
| ७ | भित्ते लेखन | प्रति गोटा प्रति वर्ग फिट | २ | |

उल्लेखित बमोजिमको विज्ञापन कर असुली ठेक्का बन्दोवस्त गर्ने प्रयोजनका लागि वार्षिक न्यूनतम कबोल अंक रु. १०००००।- निर्धारण गरिएको छ ।

**अनुसूची - ९**

(दफा (९) सँग सम्वन्धित)

**व्यवसाय करको दर (आ.व. २०७६/७७)**

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | **व्यवसाय कर** | | |
| १ | इलेक्ट्रोनिक पसलमा भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर आदिको व्यापारमा | | |
| | क. ठूला (दश लाख भन्दा माथि स्थिर सम्पति भएको) | ४००० | |
| | ख. मझौला (१० लाख सम्म स्थीर सम्पति भएको) | २००० | |
| २ | मदिरा तथा चुरोट डिलर | | |
| | क. मदिराको डिलर | ५००० | |
| | ख. चुरोट डिलर | २००० | |
| ३ | ज्वेलरी | ५००० | |
| ४ | निर्माण सामग्री बेच्ने पसल | ३५०० | |
| | सानो | ३५०० | |
| | ठूलो | ५००० | |
| ५ | फर्निसिङको सामग्री कार्पेट,पर्दा आदि वस्तुको थोक तथा खुद्रा व्यापारमा | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | २००० | |
| | ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको) | १५०० | |
| | ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको) | १००० | |
| ६ | दैनिक उपभोगका खाद्य पदार्थ, कपडा, व्यापारमा | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | २००० | |
| | ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको) | १००० | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको) | ५०० | |
| ७ | कृषि जन्य वस्तुको थोक तथा खुद्रा व्यापारमा | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | २००० | |
| | ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको) | १००० | |
| | ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको) | ५०० | |
| ८ | **सवारी साधन विक्रेता** | | |
| | क. मोटरसाइकल सोरुम | ५००० | |
| | ख. गाडी सोरुम | १०००० | |
| ९ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | | |
| | क. चिकित्सक | १५०० | |
| | ख. कविराज | १५०० | |
| | ग. इञ्जिनीयर | १५०० | |
| | घ. कानुन व्यवसायी | १५०० | |
| | ङ लेखापरीक्षक | १५०० | |
| | च. दन्तचिकित्सक | १५०० | |
| | छ. कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १५०० | |
| | ज.बीमा एजेन्ट | १५०० | |
| | झ. सर्भेयर | १५०० | |
| | ञ. अनुवादक | १५०० | |
| | ट. पशुचिकित्सक | १५०० | |
| | ठ.सेयर दलाल | १५०० | |
| | ड. घर नक्सा निर्माण गर्ने स.ई. र अ.स.ई. | १५०० | |
| | च. तालिमप्राप्त कालीगढ (मिस्त्री) | ५०० | |
| १० | निर्माण व्यवसायी | | |
| | क) नगरपालिकामा प्रधान कार्यालय भएको | ३००० | |
| | ख) नगरपालिकामा प्रधान कार्यालय नभएको | ५००० | |
| ११ | **उत्पादनमूलक उद्योग** (कोरा माल वा अर्धप्रशोधित माल वा खेर गइरहेको माल सामानहरुको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यवसायमा) | | |
| | क. ठूला | ३००० | |
| | ख. मझौला | २५०० | |
| | ग. साना | २००० | |
| १२ | **उर्जामुलक उद्योग** (जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा) | | |
| | क. ठूला | ३००० | |
| | ख. मझौला | २५०० | |
| | ग. साना | २००० | |
| १३ | **कृषी तथा बन्यजन्य उद्योग** (मूलतः कृषी वा बन पैदावरमा आधारित (चिया बाहेक) उद्योग व्यवसायमा) | | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | क. ठूला | ३००० | |
| | ख. मझौला | २५०० | |
| | ग. साना | २००० | |
| १४ | **खनिज उद्योग** (खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा) | | |
| | क. ठूला | ३००० | |
| | ख. मझौला | २५०० | |
| | ग. साना | २००० | |
| १५ | होटल व्यवसाय | | |
| | क. ठूला (खाना तथा लज समेतको व्यवस्था भएको) | ३५०० | |
| | ख. मझौला (खाना मात्र व्यवस्था भएको) | २००० | |
| | ग. साना चिया नास्ता हल्का पेय पदार्थ | १००० | |
| | घ. साना चिया चमेना घुम्ती कटगरा | ५०० | |
| १६ | **पर्यटन उद्योग** (पर्यटन, आवास, मोटेल, होटेल, रेष्टुराँ, रिसोर्ट, ट्राभल्स एजेन्सी, स्कीइङ, ग्लाइण्डिङ, वाटर ऱ्याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर ब्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वरोहण, होम-स्टे (घरबास) आदि उद्योग व्यवसायमा) | | |
| | क. ठूला | ३००० | |
| | ख. मझौला | २५०० | |
| | ग. साना | २००० | |
| १७ | **सेवा उद्योग** (छापाखाना, जिनिङ तथा बेलिङ व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा) | | |
| | क. ठूला | ३००० | |
| | ख. मझौला | २५०० | |
| | ग. साना | २००० | |
| १८ | मिल कुटानी पेलानी पिसानी प्रति अश्वशक्ति | १००० | |
| १९ | **निर्माण उद्योग** (सडक, पुल, रोपवे, टनेल, ट्रलिबस, टनेल, फ्लाइङ बृज तथा औधोगिक,व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा) | | |
| | क. ठूला | ४००० | |
| | ख. मझौला | ३५०० | |
| | ग. साना | २५०० | |
| २० | सञ्चार सेवा | | |
| | क. निजी क्षेत्रको हुलाक सेवा | ५०० | |
| | ख. निजी क्षेत्रको टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोवाइल फोन, आइ.एस्.डी. एस्.टी.डी, इमेल, रेडियो पेजिङ अदि | ५०० | |
| | ग. कुरियर सेवा | ५०० | |
| | घ. छपाई तथा प्रकाशन | ३००० | |
| २१ | बित्तीय सेवा | | |
| | क. नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेकका आर्थिक कारोबार गर्ने | | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | वाणिज्य बैंक | | |
| | वर्ग क | १५००० | |
| | वर्ग ख | १०००० | |
| | वर्ग ग | ५००० | |
| | ख. आर्थिक कारोबार गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ५००० | |
| | ग. वित्तीय कम्पनी शाखा कार्यालय | ५००० | |
| | घ. बीमा कम्पनी | ५००० | |
| | ङ विदेशी मुद्रा सटही दर | २००० | |
| | च. धितोपत्र कारोबार | १००० | |
| | छ. सहकारी बैंक तथा संस्था | १५०० | |
| २२ | स्वास्थ्य सेवा | | |
| | क. गैर सरकारी अस्पताल | १०००० | |
| | ख. नर्सिङ्ग होम | ७००० | |
| | ग. क्लिनिक तथा ल्याव | १५०० | |
| २३ | शिक्षा सेवा | | |
| | क. निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | | |
| | विश्वविद्यालय | १०००० | |
| | क्याम्पस | ५००० | |
| | स्कुल, | ३५०० | |
| | ख. तालिम तथा अध्ययन केन्द्र | १००० | |
| | ग. तालिम, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १००० | |
| २४ | मर्मत संभार सेवा | | |
| | क. हेभी इक्विपमेन्ट, बस, ट्रक, कार | १५०० | |
| | ख. मोटरसाइकल, टेम्पो, साइकल मर्मत कारखाना | १५०० | |
| | ग. रेडियो टि.भी., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत अन्य सामाग्री मर्मत केन्द्र | ५०० | |
| २५ | अन्य सेवा | | |
| | क. विज्ञापन सेवा | १००० | |
| | ख. बैदेशिक रोजगार सेवा | १०००० | |
| | ग. स्वेदेशी रोजगार सेवा | ५०० | |
| | घ. सेक्रेटरियल सेवा | १००० | |
| २६ | हाउजिङ कम्पनी तथा घरजग्गा खरिद बिक्री –रियल स्टेट) | १०००० | |
| २७ | ब्यूटीपार्लर,केश श्रृगांर,ड्राईक्लिनर्स, फोटो स्टूडियो सिलाई आदि । | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | १६०० | |
| | ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको) | १२०० | |
| | ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको) | ८०० | |
| २८ | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | १५०० | |
| | ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको) | १००० | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको) | ५०० | |
| २९ | पशु बधशाला | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | २५०० | |
| | ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको) | १५०० | |
| | ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको) | ७०० | |
| ३० | मासु बिक्रेता / फ्रेस हाउस | २००० | |
| ३१ | फूल र बिरुवा बिक्रेता | १५०० | |
| ३२ | पुल हाउस | २००० | |
| ३३ | खोटो व्यवसायी | २००० | |
| ३४ | सिसा, प्लाइउड विक्रेता | २००० | |
| ३५ | भाँडाकुँडा बिक्रेता | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | २५०० | |
| | ख. मझौला तथा साना | २००० | |
| ३६ | स्टिल,काठ,फर्निचर बिक्रेता | ५००० | |
| ३७ | खेलौना,उपहार (गिफ्ट) बिक्रेता | २००० | |
| ३८ | केवुल नेटवर्किङ्ग (वार्षिक व्यवसाय शुल्क) | | |
| ३९ | घरनक्सा निर्माणका लागि स्थापना भएका फर्म | ७००० | |
| ४० | परामर्श सेवा सम्बन्धी फर्म | २५०० | |
| ४१ | **दूग्ध चिस्यान केन्द्र** | | |
| | साना | २००० | |
| | ठूला | ३००० | |
| ४२ | चिया प्याकेजिङ उद्योग | | |
| | क. ठूला | ४००० | |
| | ख. मझौला | ३००० | |
| | ग. साना | २५०० | |
| ४३ | अन्य व्यवसाय | | |
| | क. ठूला (पाँच लाख भन्दा माथि स्थिर सम्पति भएको) | ३००० | |
| | ख. मझौला (१–५ लाख स्थीर सम्पति भएको) | २५०० | |
| | ग. साना (रु. १ लाख सम्म स्थिर सम्पति भएको) | २००० | |
| ४४ | पेट्रोल पम्प | १०००० | |
| ४५ | ग्यास डिलर | २५०० | |
| ४६ | चिया उद्योग | | |
| | क. साना उद्योग | ५००० | |
| | ख. मझौला उद्योग | ७००० | |
| | ग. लघु उद्योग | १०००० | |
| | घ. ठूला उद्योग | १५००० | |
| ४७ | दूग्धजन्य खाद्य पदार्थ उत्पादन गर्ने उद्योग | | |
| | क. ठूला | ३००० | |
| | ख. मझौला | २५०० | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | ग. साना | २००० | |

व्यवसाय कर निर्धारण गर्दा माथि उल्लेखित भए बाहेक प्रकृतिका व्यवसाय दर्ता हुन आएमा मिल्दो प्रकृति र स्तरको दरमा व्यवसाय कर असुल गरिनेछ ।

## अनुसूची - १०

(दफा (१०) सँग सम्वन्धित)

## सेवाशुल्क तथा दस्तुरको दर (आ.व. २०७६/७७)

**(क) मासिक फोहोरमैला व्यवस्थापन शुल्कः** नगरपालिका भित्रका देहायका क्षेत्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापन बापत देहायमा उल्लेखित दरमा मासिक फोहोरमैला व्यवस्थापन शुल्क लगाई असुल गरिनेछ ।

**मासिक फोहरमैला व्यवस्थापन शुल्कको दर**

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | घर १ तले ४ कोठासम्मको | प्रति घर प्रति घर रु ५० । साथै परिवारको संख्या अनुसार प्रति परिवार थप रु ५०। थप र ब्यबसाय र बास एकै स्थानमा भएमा जुन बढी हुन्छ सोही अनुसार लिने, दोहोरो शुल्क नलिने । | प्रयोग भएको तलाको मात्र |
| २ | घर २ तले ११/१२ कोठासम्मको | | |
| ३ | घर ३ तले १६/१७ कोठासम्मको | | |
| ४ | घर ३ तले २० कोठासम्मको | | |
| ५ | घर ३ तले भन्दा बढी तला भएको घर | प्रति तला १०० | |
| ६ | पसल १ कोठाको साना किराना पसल, | प्रति तला ५० | |
| ७ | साना किराना पसल | ५० | |
| ८ | किराना होलसेल, रेडीमेड कपडा ठुलो किराना कपडा पसल | १०० | |
| ९ | कस्मेटिक्स, दुघ डेरी, साना चिया पसल | १०० | |
| १० | कस्मेटिक्स होलसेल पसल | १०० | |
| ११ | ब्यूटि पार्लर | १०० | |
| १२ | मिठाई पसल | २०० | |
| १३ | आईसक्रीम पार्लर | १०० | |
| १४ | पाउरोटी उद्योग | १५० | |
| १५ | पाउरोटी पसल | ५० | |
| १६ | रेष्टुरेण्ट | २०० | |
| १७ | होटल खाना नास्ता | ३०० | |
| १८ | फूटपाथ घूम्ती ठेला | १०० | |
| १९ | फूटपाथमा मकै, भक्का बेच्ने | १०० | |
| २० | पान पसल | १०० | |
| २१ | कोल्ड ड्रिक्स पसल | १०० | |
| २२ | मदिरा होलसेल पसल | १०० | |
| २३ | पेप्सी, कोका कोला डिलर्स | १५० | |
| २४ | ग्यास डिलर | १०० | |
| २५ | अस्पताल (सानो, मझौला, ठूलो) अस्पताल जन्य फोहोरमैला बाहेक | १५०/२००/३०० | |
| २६ | क्लिनिक/ल्याव/प्याथोलोजी (अस्पताल जन्य फोहोरमैला बाहेक) | ५०० | |
| २७ | औषधी पसल | १०० | |
| २८ | आयुर्वेदिक औषधी पसल | १०० | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| २९ | आयुर्वेदिक औषधी पसल ल्याब र डाक्टर | २०० | |
| ३० | पशुजन्य औषधी पसल | १०० | |
| ३१ | कृषिजन्य औषधी पसल | १०० | |
| ३२ | होमिओपेथिक औषधी पसल | १०० | |
| ३३ | होमिओपेथिक औषधी पसल, ल्याब र डाक्टर | २०० | |
| ३४ | मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च आदि | १०० | |
| ३५ | स्कूल/बोडर्स (दिवा/आवाशीय) | २००/५०० | |
| ३६ | कलेज | ३०० | |
| ३७ | चाईल्ड केयर स्कूल | १०० | |
| ३८ | सैलुन | २५० | |
| ३९ | सरकारी संघ संस्था नाफा मुलक कार्यालय मात्र | २०० | |
| ४० | बैंक | ३०० | |
| ४१ | फाइनान्स कम्पनी | २०० | |
| ४२ | ईन्सुरेन्स कम्पनी | २०० | |
| ४३ | बचत तथा ऋण सहकारी संस्था (सानो, ठूलो) | २०० | |
| ४४ | संघसंस्था (एन.जि.ओ.) | २०० | |
| ४५ | संघसंस्था (आई.एन.जि.ओ.) | ५०० | |
| ४६ | मोटर साईकल ग्यारेज सानो | २०० | |
| ४७ | मोटर साईकल ग्यारेज ठूलो | ३०० | |
| ४८ | मोटर ग्यारेज | ३०० | |
| ४९ | साईकल-रिक्सा मर्मत केन्द्र | १०० | |
| ५० | साईकल बिक्री केन्द्र | १०० | |
| ५१ | पेट्रोल पम्प | ३०० | |
| ५२ | पार्टी प्यालेस | ५०० | |
| ५३ | फ्रेस हाउस (मासु पसल) | ३०० | |
| ५४ | राँगा (मासु पसल) (सानो, ठूलो) | ४०० | |
| ५५ | बंगूर (मासु पसल) (सानो, ठूलो) | ४०० | |
| ५६ | खसी (मासु पसल) (सानो, ठूलो) | ३०० | |
| ५७ | माछा पसल (सानो, मझौला र ठूलो) | ३०० | |
| ५८ | सिसा पसल (सानो, मझौला र ठूलो) | ४०० | |
| ५९ | छापा खाना | २०० | |
| ६० | पुस्तक पसल | १०० | |
| ६१ | स्टेशनरी पसल | १०० | |
| ६२ | हार्डवेयर पसल (सानो, ठूलो) | २०० | |
| ६३ | भाँडा पसल | १०० | |
| ६४ | एफ.एम. रेडियो | १०० | |
| ६५ | पत्र–पत्रिका पसल | १०० | |
| ६६ | टेलिभिजन | १०० | |
| ६७ | रेडियो, टेलिभिजन, मोवाईल, कम्प्यूटर मर्मत केन्द्र | १०० | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| ६८ | रेडियो, टेलिभिजन, मोवाईल, कम्प्युटर बिक्री केन्द्र | १०० | |
| ६९ | घडी मर्मत केन्द | १०० | |
| ७० | घडी पसल | १०० | |
| ७१ | साईबर पसल | १०० | |
| ७२ | कम्यूनिकेशन | १०० | |
| ७३ | ट्राभल एजेन्सी | १०० | |
| ७४ | मोटरसाईकल सोरुम | २०० | |
| ७५ | टयाक्टर सोरुम | ३०० | |
| ७६ | गाडी सोरुम | ३०० | |
| ७७ | सोलार पसल | १०० | |
| ७८ | फलफूल पसल | ३५० | |
| ७९ | मेनपावर | १०० | |
| ८० | तरकारी पसल (सानो, मझौला ठूलो) | ३०० | |
| ८१ | आलू, प्याज होलसेल | २०० | |
| ८२ | कपडा पसल (सानो, ठूलो) | १०० | |
| ८३ | रेडिमेट कपडा पसल (सानो, ठूलो) | १०० | |
| ८४ | टेलर्स | १०० | |
| ८५ | मेसिनरी सामान बिक्री केन्द्र | १०० | |
| ८६ | मोटसाईकल पार्ट पसल | १०० | |
| ८७ | विभिन्न मोटरहरु बिक्री गर्ने पसल | १०० | |
| ८८ | गाडी को पार्टस पसल | १०० | |
| ८९ | टि.भि., फ्रीज पसल | १०० | |
| ९० | जूत्ता, चप्पल पसल | १०० | |
| ९१ | बूकिङ्ग काउन्टर | १०० | |
| ९२ | सिनेमा हल | ५०० | |
| ९३ | आल्मूनियम पसल (होलसेल) | २०० | |
| ९४ | आल्मूनियम फर्निचर केन्द्र | २०० | |
| ९५ | सूनचाँदी पसल | १०० | |
| ९६ | सूनचाँदी कारखान | १०० | |
| ९७ | फर्निचर उद्योग | ३०० | |
| ९८ | फर्निचर पसल | १०० | |
| ९९ | गृल उद्योग | २०० | |
| १०० | पानी उद्योग | २०० | |
| १०१ | धान मिल उद्योग (सानो र ठूलो) | ३०० | |
| १०२ | चाउचाउ, भुजिया, दालमोठ उद्योग | २०० | |
| १०३ | छाला जन्य उद्योग | २०० | |
| १०४ | व्याग उद्योग | २०० | |
| १०५ | थोक्पा उद्योग | २०० | |
| १०६ | मैनवत्ती उद्योग | १०० | |

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १०७ | गलैंचा उद्योग | २०० | |
| १०८ | कापी उद्योग | २०० | |
| १०९ | नर्सरी | २०० | |
| ११० | काठ मिल | ३०० | |
| १११ | धान मिल | ३०० | |
| ११२ | तेल पेल्ने मिल | ३०० | |
| ११३ | व्याग पसल | १०० | |
| ११४ | व्याग पसल (होलसेल) | १०० | |
| ११५ | कार्पेट थोक बिक्रेता पसल | १०० | |
| ११६ | मुद्रा सटही काउन्टर | १०० | |
| ११७ | सिप तथा तालिम केन्द्र | १०० | |
| ११८ | सेमिनार हल | २०० | |
| ११९ | डान्स सेन्टर | १०० | |
| १२० | संगीत साधना केन्द्र | १०० | |
| १२१ | सेक्यूरिटी अफिस | १०० | |
| १२२ | कन्सल्टेन्सी | १०० | |
| १२३ | कम्प्यूटर इष्टिच्यूट | १०० | |
| १२४ | फोटो स्टूडियो | १०० | |
| १२५ | फोटो ल्याब सेन्टर | १०० | |
| १२६ | कवाडी पसल | ३०० | |
| १२७ | रिपेयरिङ सेन्टर | १०० | |
| १२८ | ड्राईभिङ सेन्टर | १०० | |
| १२९ | लेखापढी सेन्टर | १०० | |
| १३० | कुखुराको चल्ला र अण्डा डिलर्स | १०० | |
| १३१ | फ्लेक्स प्रिन्ट | १०० | |
| १३२ | आर्ट सेन्टर | १०० | |
| १३३ | साप्ताहिक हाट बजार | २००० | |
| १३४ | साप्ताहिक कृषि तथा पशु हाट | ३५०० | |
| १३५ | ईटा बिक्री केन्द्र | २०० | |
| १३६ | ढुङ्गा, गिट्टी बिक्री केन्द्र | २०० | |
| १३७ | बस व्यवसायी संघ | १०० | |
| १३८ | ट्रक व्यवसायी संघ | १०० | |
| १३९ | ट्र्याक्टर व्यवसायी संघ | १०० | |
| १४० | ढुवानी सेवा | १०० | |
| १४१ | कुरियर सेवा | १०० | |
| १४२ | क्लव | १०० | |
| १४३ | टेन्ट हाउस | २०० | |
